जानकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**धान उत्पादन प्रवर्द्धन कार्यक्रम संचालनका लागि क्लस्टरमा सूचिकृत हुने बारेको सूचना**

**सूचना नं. ०९/२०७९/०८०**

(सूचना प्रकाशित मिति : २०७९/१२/१५)

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, दुर्गौली, कैलालीको आ.व. २०७९/०८० को सशर्त बार्षिक स्वीकृत कार्यक्रम अनुसार धान उत्पादन प्रवर्द्धन कार्यक्रममा ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फार्महरुले चक्लावन्दिका रुपमा आवद्ध भई आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात (मिति २०७९/१२/२९ गते भित्र) जानकी गाउँपालिका कृषि विकास शाखाले निर्दिष्ट ढाँचामा सूचिकृत गर्न हुन सम्बन्धित सवैमा जानकारीका साथ अनुरोध छ । साथै म्याद नाघि आएका र रित नपुगेका निवेदन माथि कुनै पनि कारवाही नगरिने ब्यहोरा अनुरोध छ ।

१. कार्यक्रम सञ्चालन हुने क्षेत्र :- जानकी गाउपालिका ।
२. सहयोग अनुदान :- उन्नत धान वीउ र कृषि उत्पादन सामाग्रीमा ५० प्रतिशत अनुदान ।
३. प्राविधिक सहयोग :- नि :- शुल्क ।
४. क्षेत्रफल :- प्रति ब्लक २० हेक्टरको कलस्टर वनाई कार्यक्रम संचालन गरिनेछ ।

नोट :- अन्य सरोकारवाला निकायहरुबाट लाभान्वित कृषक, कृषक समूह, सहकारी संस्था र कृषि फार्महरुलाई कार्यक्रममा सहभागि गराईने छैन ।

पेश गर्नुपर्ने कागजातहरु :-

१. रु. १० को हुलाक टिकट टाँसको निर्दिष्ट ढाँचामा निवेदन ।
२. निवेदकको नागरिता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व.२०७९/०८० को तिरो सहित लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि ।
४. कृषक समूह, कृषि सहकारीको हकमा दर्ता नविकरण स्थाई लेखा नम्बर कार्यकारी समितिको निर्णयको प्रतिलिपि ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

थप जानकारीका लागी

जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, दुर्गौली, कैलाली ।

फोन न. ९८६८४३१०९५, ९८४८५५३७६५

२०७९/१२/१५

नारायण बहादुर विष्ट

प्रमुख प्रशासकीय अधिकृत

नारायण बहादुर बिष्ट